सचिव बैठक नं.:३४
बैठक मितिः २०७६/०४/१५

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल | प्रमुख सचिव | प्रदेश नं. ५ |
| श्री तारा प्रसाद भट्टराई | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री केशवराज आचार्य | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री किशोर जोशी | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री धनञ्जय पौडेल | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री बैकुण्ठ अधिकारी | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री रामचन्द्र दंगाल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री कृष्ण प्रसाद ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |

<u>आमन्त्रित</u>

| | | |
|---|---|---|
| श्री ज्ञानहरी घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री रामचन्द्र अर्याल | अधिकृत,आठौं | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

<u>निर्णयहरु</u>

१. मिति २०७६ श्रावण २ र ३ गते सम्पन्न आ.व. २०७६/७७ को कार्ययोजना तर्जुमा बैठक र श्रावण १२, १३ र १४ मा सम्पन्न प्रदेश विकास समस्या समाधान समितिको बैठकमा माननीय मुख्यमन्त्रीज्यूबाट भएका निर्देशनहरुलाई बार्षिक कार्यक्रमको कार्यान्वयनमा निर्देशक आधारका रुपमा लिई कार्यान्वयन गर्ने।

२. मन्त्रालयहरुबाट सम्पादन गर्नुपर्ने कामका सम्बन्धमा प्रमुख सचिव एवम् सचिवहरुका बीच यसैसाथ संलग्न ढाँचामा कार्य सम्पादन सम्झौता गरी कार्यान्वयन गर्ने। यसैगरी मन्त्रालयका सचिवहरुले महाशाखा प्रमुखहरु, निर्देशनालय प्रमुखहरु र डिभिजन तथा अन्य कार्यालयका प्रमुखहरुसंग चालू आ.व. २०७६/७७ को वार्षिक विकास कार्यक्रममा निर्दिष्ट गरिएका लक्ष्यहरु शत प्रतिशत हासिल हुनेगरी कार्यसम्पादन सम्झौता गर्ने र त्यसको नियमित रुपमा अनुगमन समेत गर्ने व्यवस्था मिलाउने।

३. २०७६/७७ को बजेट कार्यान्वयनका सम्बन्धमा PLMBIS मा एकमुष्ठ प्रविष्टि भएको बजेटलाई कार्यक्रमगत वा निकायगत बिभाजन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयसंगको समन्वयमा क्रियाकलापगत PLMBIS मा प्रविष्टि र कार्यान्वयनको व्यवस्था मिलाउने । क्रियाकलापगत रुपमा प्रविष्टि भएका कार्यक्रम तथा आयोजनाहरु कार्य योजना मुताबिक कार्यान्वयन गर्ने ।

४. भौतिक पूर्वाधार विकास मन्त्रालय वा अन्तर्गत निकायबाट कार्यान्वयन गराउनुपर्ने देखिएका पूर्वाधार सम्वन्धी आयोजनाहरुका हकमा सोसम्वन्धी लिखित जानकारी भौतिक पूर्वाधार विकास मन्त्रालयलाई उपलव्ध गराउनुका साथै त्यसका निमित्त PLMBIS मा प्रविष्टि लगायतको व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयले मिलाउने।

डा. तीर्थराज ढकाल
प्रमुख सचिव

सादर अवगतार्थः
माननीय मुख्यमन्त्रीज्यू,
माननीय मन्त्रीज्यूहरु,